# च्याट्की सम्पदासित

- आभास

उसले सोधी
उमेर/लिङ्ग र थलो

मैले भनैं
यी कुनै र केही हुनुमा
छैन मेरो योगदान

अहिलेसम्म म छु
तँ छेस् र त च्याट्टिँदै छौं नि
बस् यत्ति...

हामी भोली नठोकिन पनि त सक्छौं
लिपि भएर
फेरि काँचको पर्दामा

थाहा छ ?
मृत्युसंगै विलाउँदै जाने
अमूर्त आत्माजस्तै हुन्छन्
च्याट्का धेरै नाम

सम्पदा नाम धरेकी
तँ पनि त
विलाउन सक्छेस्
एक निमेसमै
च्याट्का अक्षरबाट

तँ कुन्नी कता पुगेकी ?
अत्याधुनिक न्युयोर्क वा सिड्नीतिरको
बार-सभ्यतामा
म निरन्तर असरल्ल अल्झिएको
उही पुरातन पुतली-सडक वा नयाँ-सडकतिरको
प्याला-सभ्यतामा

तँ साह्रै सराप्दिछेस्
विगतमा हिंडेका यहाँका गल्लीलाई
म अझै सुँघ्दोछु
प्रतिदिन तिनै गल्लीका मिश्रित गन्ध

तँ भन्छेस्
छोड्नु बेस त्यो असभ्य फोहोरी देश
आउनु यतै
अत्याधुनिक सभ्यतातिर

म भन्छु
म त अझै यतै टाँसिन्छु
यसरी टाँसिनुमै त छ
पीडा र संवेदनासितै जोडिएको
वास्नादार र लयात्मक
अन्नत-आनन्द ।

काठमाण्डौ, ९ जनवरी, २००८